मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ७६ ★ ने. सं. ११४६ चौला गा, सप्तमी ★ बिहीबार ★ २६ चैत, २०८२ ★ April 9, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## इरानद्वारा 'ऐतिहासिक विजय' को दाबी; वार्ताअघि अमेरिकाले सर्तहरू स्वीकार गरेको भनाइ

तेहरान, २६ चैत (मिडिलइस्ट आइ) । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले बुधबार एक विज्ञप्ति जारी गर्दै देशले युद्धमा 'ऐतिहासिक' विजय हासिल गरेको र नियोजित वार्ताअघि अमेरिकालाई १० बुँदे प्रस्तावको रूपरेखा स्वीकार गर्न बाध्य पारेको दाबी गरेको छ ।

परिषद्का अनुसार उक्त प्रस्तावमा अनाक्रमणको ग्यारेन्टी, स्ट्रेट अफ हर्मुज'मा इरानको निरन्तर नियन्त्रण, प्रतिबन्धहरूबाट राहत, सो क्षेत्रबाट अमेरिकी सेनाको फिर्ता र युद्ध क्षतिपूर्तिका विषयहरू समावेश छन् ।

विज्ञप्तिमा थप भनिएको छ- शुक्रबार पाकिस्तानी राजधानी इस्लामावादमा सुरू हुने वार्ता विवरणहरूलाई अन्तिम रूप दिनमा केन्द्रित हुनेछ तर यसको अर्थ 'युद्धको अन्त्य' भने होइन ।

यो बयान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कूटनीतिलाई अगाडि बढाउन वाशिङ्गटनले इरानमाथिका आक्रमणहरू दुई हप्ताका लागि स्थगित गर्ने बताएको एक दिनपछि आएको हो ।

ट्रम्पले यस स्थगनलाई स्ट्रेट अफ हर्मुज पुनः खोल्नेसँग जोडिएको 'दुईतर्फी युद्धविराम' को रूपमा वर्णन गरे र इरानको १०-बुँदे प्रस्तावले वार्ताका लागि 'कार्ययोग्य आधार' प्रदान गरेको बताए ।

इरानको शीर्ष सुरक्षा निकायले तेहरानले आफ्नो योजना पाकिस्तानमार्फत अमेरिकालाई बुझाएको र वाशिङ्गटनले त्यसका सिद्धान्तहरूलाई वार्ताको आधारको रूपमा स्वीकार गरेको जनाएको छ । वार्ता १५ दिनसम्म चल्ने र आवश्यक परे थप गर्न सकिने उल्लेख गर्दै कुनै पनि सम्झौतालाई अन्तर्राष्ट्रिय संयन्त्रहरूसहित औपचारिक रूप दिनुपर्ने इरानले बताएको छ ।

विज्ञप्तिमा भनिएको छ, "यसको अर्थ युद्धको अन्त्य होइन । यदि हाम्रा मागहरू पूर्ण रूपमा पूरा भएनन् भने इरानले सैन्य कारबाही जारी राख्नेछ ।"

विज्ञप्तिमा इरानी सेना र सम्बद्ध समूहहरूले यस क्षेत्रभरि आफ्ना विरोधीहरूलाई ठुलो क्षति पुऱ्याएका छन् र उनीहरूलाई युद्धविराम खोज्न बाध्य पारेको पनि दाबी गरिएको छ ।

इरानका उद्देश्यहरूमा आफ्नो 'शक्ति र सर्वोच्चता' मा आधारित नयाँ क्षेत्रीय सुरक्षा व्यवस्था स्थापना गर्ने र उपलब्धिहरू सुदृढ नभएसम्म दबाब कायम राख्ने समावेश रहेको बताइएको छ ।

परिषद्ले वार्ताको अवधिमा राष्ट्रिय एकताका लागि आह्वान गरेको छ र विरोधीहरूको कुनै पनि गलत कदमको कडा बल प्रयोगद्वारा सामना गरिने चेतावनी पनि दिएको छ । यसले इरानले आफ्नो प्रस्तावका सर्तहरू पूर्ण रूपमा पारित भएपछि मात्र युद्धको औपचारिक अन्त्य स्वीकार गर्ने थप स्पष्ट पारेको छ ।

बाँकी पृष्ठ ८ मा



इरानका सर्त मानेर संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले १५ दिने युद्धविराम घोषणा गरेपछि युद्धमा विजय भएको भन्दै इरानको सडकमा खुसीयाली मनाइरहेका इरानी जनता ८ अप्रिल २०२६ को बिहान । *तस्बिर : प्रेस टिभी*

## सत्य र परिवर्तनलाई कुनै शक्तिले रोक्न नसक्ने

भक्तपुर, २५ चैत । नेपाल क्रान्तिकारी युवा सङ्घको १२ औं भक्तपुर जिल्ला सम्मेलन तयारी समितिको आयोजनामा बुधबार नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले युवा कार्यकर्ताहरूलाई मार्ग निर्देशन गर्दै विश्व राजनीति नबुझी देशको राजनीति बुझ्न नसकिने हुनाले नयाँ पुस्तालाई पार्टीको सिद्धान्त र विचारबारे स्पष्ट बताउन सक्षम हुन पार्टी प्रकाशनको अध्ययन र छलफल अगाडि बढाउनुपर्ने बताउनुभयो ।

मार्क्स, एङ्गेल्स र लेनिनका सङ्घषशील जीवनबाट शिक्षा लिएर जनताको सेवामा समर्पित भइलाग्न अभिप्रेरित गर्ने काममा सक्रिय भई समाजवादी बन्दोबस्तका लागि सङ्घर्ष गर्न उहाँले जोड दिनुभयो ।

हरेक व्यक्तिले योग्यताअनुसार काम र कामअनुसारको ज्याला पाउने तथा उत्पादनका सम्पूर्ण स्रोत साधनहरू राष्ट्रियकरण हुने व्यवस्था वैज्ञानिक समाजवादबारे परिवार छिमेकमा छलफल गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

सन् १८३० मा बेलायतमा भएको मजदुर आन्दोलनमा ५० लाख मजदुरहरूले हस्ताक्षर गरेको मागपत्रमा काम गरेर 'बाँचौं, लड्दा लड्दै मरौं' भन्ने नारा अगाडि सारिएको प्रसङ्ग उल्लेख गर्दै सचिव सुवालले पुँजीवादी खोटा विचारको खण्डन गरी जनतालाई सचेत पार्न मार्गनिर्देश गर्नुभयो ।

सत्य र परिवर्तनलाई कुनै शक्तिले रोक्न नसक्ने तर्क प्रस्तुत गर्दै उहाँले हरेक युवाले कर्तव्य पूरा गर्न सिक्नुपर्ने बताउनुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले विद्यार्थीले राजनीति गर्नुहुन्न भन्नेले १४ वर्षदेखि अमेरिकन युथ काउन्सिलमार्फत युवालाई भड्काउन खोजिरहेको आशङ्का व्यक्त गर्नुभयो ।

साम्राज्यवादी स्वार्थ पूरा गर्न पुनः राजतन्त्रसमेत फर्काउन लागिपर्नेतर्फ सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले युवाहरूको रूचिको विषयबारे जिल्लाका सबै नगर समितिले छलफल कार्यक्रमहरू सञ्चालन गर्न निर्देशन गर्नुभयो ।

आयोजक समितिका जगतराम धुख्वाको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुरेन्द्र था श्रेष्ठ, एच.एस. सुवाल, संगीता नेपाली, रोशन मचामसी, रूकेश कर्माचार्य, लक्ष्मीनारायण लिगल, सरोज दुलाल, सुतेज दुवाल, बासुदेव घोरसाइने, रत्ना चवाल, सरोज तामाङ, ढकराज थापा, लक्ष्मीनारायण त्वानाबासु, दिनेश कापरलगायतले बोल्नुभएको थियो ।

## संविधान, राजनीति र वर्ग

संविधान राज्य सञ्चालनको एक राजनीतिक दस्ताबेज र निर्देशन हो । यो एक समयसापेक्ष र परिवर्तनशील विषय हो । फ्रान्सेली क्रान्तिको १० वर्षको उथलपुथलमा चार वटा संविधान बने । अनेक देशका अनेक परिस्थितिमा विभिन्न प्रकारका संविधानहरू बने । यसकारण, नेपालको वर्तमान संविधान पनि विभिन्न मित्रराष्ट्रहरूको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावबाट निर्लिप्त संविधान होइन । साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले नेपाललाई नयाँ अफगानिस्तान बनाई दक्षिणबाट जनवादी गणतन्त्र चीनमाथि चढाइ गर्ने उद्देश्यले 'बिम्स्टेक' र 'एमसीसी' जस्ता उपायहरू ल्याएका हुन् । 'रातो झन्डाको विरोध गर्न रातो झन्डा माथि उचाल' को नीति लिएर देशी र विदेशी प्रतिक्रियावादीहरूले 'माओवादी' नाम दिएर नेपालमा 'कम्युनिस्ट पार्टी' मार्फत १० वर्षसम्म गृहयुद्ध गराई दक्षिण एसियाका देशहरूलाई 'भारतकै एक सुरक्षा छाता' भित्र राख्ने 'कम्पोसा' को योजना बनाएका थिए भन्ने कुरा नेपाली जनताले बिर्सेका छैनन् ।

त्यही दृष्टिकोणअनुसार नेपालकै सत्तालोलुप र महत्त्वाकाङ्क्षी तत्त्वहरूलाई अगाडि सारेर नेकपामा 'समान' 'दुई अध्यक्ष' बनाइयो । एक अध्यक्षको उमेर तोकियो । अर्को 'पार्टी अध्यक्ष' मार्फत १० वर्षको गृहयुद्धपछि पनि प्राप्त गर्न नसकेको नेपाललाई दोस्रो सिक्किम बनाउने विस्तारवादी योजना थोपर्ने सम्भावनालाई किन अनुमान नगर्ने ? 'एक धार्नी चाकु खाएर पनि चाकुको स्वाद थाहा नपाउने' हाम्रा केही पुँजीवादी बुद्धिजीवी र पार्टी नेताहरूलाई 'बुद्धिजीवीहरू मूर्ख हुन्छन्' भन्ने भनाइसँग तुलना गर्न सकिन्न र ?

'प्रजातन्त्र' शब्द बुझ्ने र प्रजातन्त्र पनि वर्गीय हुन्छ भन्ने बुझ्ने तर त्यसलाई नमान्ने बुद्धिजीवीहरू पनि नभएका होइनन् । दासयुग त दास मालिकहरूकै 'प्रजातान्त्रिक' शासन थियो । दासयुगको गणतन्त्र दास मालिकहरूको हितको प्रजातन्त्र हो । थोरै जनताको हितको प्रजातन्त्र र शासन 'अल्पतन्त्र' हो । सामन्तवादी समाजमा राजा-महाराजा, जमिनदार, जग्गाधनी र सामन्तहरूकै प्रजातन्त्र हुन्थ्यो । राणाशासन राणाहरूको 'तन्त्र' र 'प्रजातन्त्र' हो । तर, त्यहाँ पनि वामपन्थी, दक्षिणपन्थी र मध्यमपन्थी देखिन्छन् ।

प्रचलित आजको 'प्रजातन्त्र' को अर्थ 'पुँजीवादी' प्रजातन्त्र हो । पुँजीपतिवर्गले पुँजीपतिवर्गको हितको निम्ति गरिने शासन व्यवस्था नै पुँजीवादी व्यवस्था हो । नेपालको वर्तमान 'प्रजातन्त्र' पनि पुँजीपतिवर्गको 'प्रजातन्त्र' हो । नेपालका शासक दलहरू पुँजीवादी र सामन्तवादी दलहरू नै हुन् ।

पुँजीवादी प्रजातन्त्रको पुरानोमध्ये एक शासन व्यवस्था भएको देश बेलायत हो । त्यहाँ पनि बारम्बार राजनीतिक सङ्कट देखिन्छ भने छिमेकी भारतको वर्तमान सरकार जात, धर्म, भाषा र देशी एवम् विदेशी एकाधिकार पुँजीको सञ्चालक समिति हो; प्रजातन्त्र र समाजवादको शत्रु हो; सिद्धान्ततः फासीवादी र नाजीवादी हो ।

हरेक दिन आफ्नो सिरानीमा राखिएको हिटलरको पुस्तक पाठ गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको प्रवृत्ति र व्यवहारले अमेरिकी पुँजीवादभित्रै नवफासीवादको उदय भएको प्रस्ट छ । यसकारण, नेपालका पुँजीवादी बुद्धिजीवीहरूले शब्द-शब्द केलाउँदै

बाँकी पृष्ठ ८ मा

## VACANCY ANNOUNCEMENT

Join **Khwopa College of Engineering**
(An Undertaking of Bhaktapur Municipality | Affiliated to Tribhuvan University)

At Khwopa College of Engineering, you don't just teach—you inspire. We are a pioneering, community-driven institution dedicated to making quality engineering education accessible to all. We are looking for dynamic, visionary, and competent candidates to join our esteemed faculty position as Assistant Lecturer /Lecturer/Senior Lecturer.

| Program | Required Subjects / Specialization | Minimum Qualification |
| --- | --- | --- |
| B.E. Civil Engineering | Fluid Mechanics, Hydraulics, Irrigation & Drainage Engineering, Hydropower Engineering | M.E. / M.Sc. in Water Resources Engineering or equivalent discipline. |
| B.E. Electrical Engineering | Electric Circuit II, Control System, Electric Power Distribution System, Electric Circuit & Machine | M.E. / M.Sc. in Electrical Engineering or equivalent discipline. |

**What We Are Looking For ?**
• **Minimum Qualifications:** A relevant Master's Degree (M.E./M.Sc.) as specified above.
**Candidates holding a Ph.D. in a related field and academic, research, or professional industry experience, will be given high priority.**

**Salary and Benefits:** As per college rules.

**How to Apply ?**
Please submit your application along with an updated Curriculum Vitae (CV) & copies of all academic qualifications. Applications can be submitted directly to the college administration or sent via email.
**Application Deadline:** 3rd Baishakh, 2083 (16th April, 2026)
***(Note:*** *Only shortlisted candidates will be informed for the interview)*

**Contact Information:**
**KHWOPA COLLEGE OF ENGINEERING**
Libali, Bhaktapur | Tel.: 5122094, 5122098 | Email : info@khwopa.edu.np | Website : www.khwopa.edu.np

। सम्पादकीय ।

# सरकारको निर्णय व्यावहारिक हुनुपर्छ

सरकारले अव्यवहारिक निर्णय गरेको भन्दै अहिले लेखापढी कानुन व्यवसायी र निजी क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरू आन्दोलनमा उत्रेका छन् । यसरी नै विभिन्न राजनीतिक दलका वर्गीय सङ्गठनहरू हटाउने सरकारी निर्णयले युवा, विद्यार्थीलगायत अन्य जनता पनि आन्दोलित भएका छन् । विद्यार्थीहरूलाई परीक्षा नलिई उत्तीर्ण गराउने सरकारी निर्णयले अभिभावक, शिक्षक र विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू पनि आन्दोलित हुने हो कि ! सहकारी पीडितहरूको माग पनि सम्बोधन भएको छैन । माग सम्बोधन नभएमा या सहकारी पीडितहरूले आफ्नो सावाँब्याज नपाएमा उनीहरू फेरि आन्दोलनमा उत्रने छन् । एसपीपी कुनै हालतमा पारित गर्न नहुने जनताको मत हो । एमसीसी खारेज गर्नुपर्ने पहिलेदेखिको माग हो ।

इन्धनको कमी घटाउने आधार दुई दिनको बिदा होइन । दुई दिनको बिदाले देशको काममा कति नोक्सान हुन्छ ? त्यसको पनि लेखाजोखा गर्नुपर्छ । दुई दिनको बिदा के कर्मचारीलाई खुसी पार्ने काम हो ! देशको समुन्नत विकासको लागि देशका सबै नागरिकहरूलाई जिम्मेवारीबोध बनाउने, काममा सक्रियता देखाउने हो । कर्मचारीलाई काम गर्ने समय घटाएर अल्छि बनाउने सरकारी कामले देश कसरी बन्छ, देश बनाउने दायित्वबोध कसरी हुन्छ ? जनवर्गीय सङ्गठन हटाउने सरकारी मानसिकता पनि सही होइन । राजनीतिक दलका वर्गीय सङ्गठनहरू देशको लागि बोझ बनेको छैन । वर्गीय सङ्गठन बनाउने, बढाउने, घटाउने या नराख्ने काम सरकारको होइन राजनीतिक दलको हो; त्यसमा सरकारले टाउको दुखाउनुपर्ने विषय होइन ।

परीक्षा नै नलिई उत्तीर्ण गराउने निर्णय पनि व्यवहारिक देखिँदैन । भर्ना भएका जतिलाई या जाँच दिने जति सबैलाई पढे पनि नपढे पनि उत्तीर्ण गराएपछि उसको शैक्षिक स्तरको मापन के ? परीक्षा नलिई उत्तीर्ण गराउँदा विद्यार्थीमा पढ्ने बानी हुँदैन । पढे पनि नपढे पनि उत्तीर्ण गराउने व्यवस्थाले देशको शिक्षाको स्तर गिर्छ । उनीहरूको हाजिरी, दैनिक क्रियाकलाप र आनीबानीले मात्र शिक्षार्जनको ज्ञान नाप्न मिल्दैन । बिचौलियाको नाउँमा लेखापढी कानुन व्यवसायीको बन्दोबस्त हटाउने हो भने सोअनुसारको कर्मचारी व्यवस्थापन गर्नुपर्छ । कर्मचारीहरूले इमानदारीपूर्वक आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्छ । के कर्मचारीले घुसबिना काम गर्ला ? कार्यालयमा आइपर्ने हरेक काम के ढिलासुस्ती नगरिकन पूरा गर्ला ?

सरकारले एकातिर सहकारी ठगहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ भने अर्कोतिर सहकारी पीडितहरूको रकम सहकारी ठगहरूबाट पूर्ति गराउनुपर्छ । अन्य प्रकरणका मुद्दाको मात्र फाइल खोल्ने होइन सहकारी ठगका हरेक फाइल खोलेर अनुसन्धानको प्रक्रिया अघि बढाउनुपर्छ । देशभरका सहकारी पीडितहरूको सबै रकम फिर्ता दिलाउन सके र सहकारी ठगहरूलाई जेलमा कोच्ने काम गर्न सक्यो भने त्यो काम राम्रो मानिने छ । दुई चार वटा सहकारी संस्थामार्फत १०/२० हजार रूपैयाँ फिर्ता दिएको देखाएर सहकारी पीडितहरूको समस्या समाधान हुनेछैन ।

देश ऋणमा डुबेको छ । ऋणमा डुबेको देशमा थप ऋण ल्याएर फेरि डुबाउने सरकारी निर्णय कति उचित या अनुचित ? बहसको विषय बनेको छ । मुलुकको सार्वजनिक ऋण झन्डै २९ खर्ब पुगिसकेको स्थितिमा फेरि ऋण लिएर रास्वपाको सरकारले समस्या थप्ने काम गरेको छ । चैत २२ गते बसेको मन्त्रिपरिषद्को बैठकले विश्व बैङ्क र एसियाली विकास बैङ्कसँग २८ अर्ब रूपैयाँभन्दा बढी वैदेशिक ऋण लिने निर्णय गऱ्यो । ऋण लिने सरकारी कार्यले राज्यको बजेटमा विकासमा भन्दा ऋणको ब्याज र सावाँ तिनुपर्ने दायित्व बढ्नेछ र ऋणमाथि ऋण थपेर ब्याज बढ्नेछ; ब्याज तिर्न फेरि ब्याज लिनुपर्ने हुन्छ । सरकार ऋण लिन किन हतारियो भन्ने प्रश्न उठेको छ ।

सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने बन्दोबस्त पनि व्यवहारिक देखिँदैन । यसरी नै अघि बढ्यो भने भोलि सरकारले सरकारी सञ्चारमाध्यमबाहेक अर्को प्रकाशन गर्न बन्देज लगाउन बेर लाग्दैन । निजी सञ्चार क्षेत्रले जति सरकारी सञ्चार क्षेत्रले काम गर्न सकेको छैन । निजी सञ्चार क्षेत्रले देशको काममा सघाइरहेको छ भने सरकारी विज्ञापनबापत प्रदान गर्दै आएको आर्थिक सहयोग रोक्नुपर्ने होइन । बरु, विज्ञापनको नाउँमा कहींकतै दुरूपयोग भइरहेको छ भने त्यसको नियन्त्रण गर्न सरकारले पहल गर्नुपर्छ । त्यसको लागि अनुगमन गरिरहनुपर्छ । विज्ञापनमा ठग्ने, नक्कली बिल पेस गरेर विज्ञापनको रकम असुल्नेहरूतर्फ सरकार र सरोकारवाला निकायको ध्यान पुग्नुपर्छ । कुनै बेइमान र ठगको कारण सबै पत्रिकालाई मर्का पुऱ्याउने काम गर्नु मनासिब होइन ।

# सहकारी संस्था, समस्या र जनअपेक्षा

● विवेक

गएको चैत २० गते विभिन्न कार्यक्रमका साथ ६९ औँ राष्ट्रिय सहकारी दिवस मनाइयो । कार्यक्रममा उपस्थित वक्ताहरूले सहकारीको सिद्धान्त, मूल्यमान्यता र हाल देखापरेका समस्याहरूबारे चर्चा गरे । भक्तपुर जिल्लामा पनि ४ वटै नगरमा नगरपालिकामा छुट्टाछुट्टै कार्यक्रम गरी मनाइयो ।

सहकारी संस्था धेरै नागरिकहरू जोडिएको देशकै ठुलो सञ्जाल भएका संस्थाहरूमध्ये एक हो । ३० हजारभन्दा बढी संस्थाहरू दर्ता रहेको यस सञ्जालमा ६० लाखभन्दा बढी सदस्यहरू जोडिएका छन् । यति धेरै सदस्यहरू रहेका संस्थाहरू बिग्रेमा त्यसको असर समाजमा व्यापक रूपमा पर्न सक्छ । त्यसैले, सहकारी सञ्चालकहरू अत्यन्त सचेत हुनुपर्छ ।

धनी मानिसहरूलाई सहकारीको सदस्य बनाउनु, ठुलठुला रकम एकै व्यक्तिलाई ऋण प्रदान गर्नु, बिनाधितो ऋण दिनु सहकारीको उद्देश्य होइन । अहिले सहकारीले बैङ्क र वित्तीय संस्थाले झैं जतिसुकै कारोबार गर्न छुट पाइरहेका छन् । उनीहरूलाई जिल्ला जिल्लामा शाखा खोल्न दिइएको छ । केन्द्रीय बैङ्कझैं केन्द्रीय सहकारी खोलेर, जिल्ला जिल्लामा शाखा खोलेर काम गर्दै छन् । यसको कारण अहिले सहकारीहरूमा समस्या देखापरेका हुन् । सहकारीको अर्थ स्थानीय जनतालाई सदस्य बनाउने, सामूहिक हितको निम्ति काम गर्ने र स-साना रकम बचत गरेकाहरूलाई परेको बेलामा आवश्यक सहयोग गर्ने हो । तर, अहिले कतिपय सहकारीहरू सिद्धान्त, मूल्य र मान्यताविपरीत काम गर्दै छन् । त्यस्ता सहकारी डुबेर जनताले दु:ख पाइरहेका छन् ।

कतिपय सहकारी सञ्चालकहरूले सहकारीमा जम्मा भएको रकमलाई आफ्नै निजी सम्पत्तिझैँ प्रयोग गरे । उनीहरूले घर जग्गा, व्यापारमा लगानी गरेर व्यक्तिगत सम्पत्ति जोडे, बैङ्क ब्यालेन्स राखे र करोडौँको गाडी चढेर हिँडे । सोझा साझा सहकारी सदस्यहरूले सञ्चालकहरूले के गर्दै छन् भनेर ध्यान दिएनन् । घर जग्गा कारोबारमा शिथिलता आएसँगै सञ्चालकहरूले ब्याज तिर्न सकेनन् । बिस्तारै सञ्चालकहरू भाग्न थाले । एउटै सहकारीले पनि हजारौँ सदस्यहरूको अर्बौं रूपैयाँ डुबायो । विगतमा अत्यन्त विश्वास गर्ने सहकारी संस्थाका सञ्चालकहरू अहिले शङ्काको घेरामा पर्दै छन् ।

ओरेन्टल, सिभिल सहकारी, शिव शिखर बहुउद्देश्यीय संस्थाहरूले धेरै बचतकर्ताहरूलाई रुवाए । स-साना व्यापार गरेर, घर जग्गा बेचेर पनि त्यस्ता सहकारीमा धेरैले बचत जम्मा गरे । कतिले अन्य ठाउँमा भन्दा ब्याज बढी दिएको कारण पैसा जम्मा गरे । त्यस्ता हजारौँ मानिसहरूको पैसा खाएर सञ्चालकहरू भागे । कति मानिसहरूले औषधि उपचारको निम्ति पैसा लिन जाँदा सहकारीमा ताला झुण्ड्याएको पाएर त्यतिकै मृत्युवरण गरे भने कतिले आत्महत्या गरेका समाचारहरू आइरहेका छन् । सहकारी सञ्चालकहरूले वित्तीय अपराधमात्र गरिरहेका छैनन्, पैसा फिर्ता लिन नपाएर आत्महत्या गरेकोमा पनि सहकारी ठगहरूलाई जिम्मेवार बनाउनुपर्छ ।

अहिले हजारौँ सहकारीमा खर्बौंको पैसा निष्क्रिय छ । सहकारीले सदस्यहरूलाई लाभांशसम्म दिन सक्ने अवस्था छैन । सहकारीले सङ्कलन गरेको पैसाले ठुलठुला व्यापारी र बैङ्क मालिकहरूलाई मात्र फाइदा भइरहेको छ । उनीहरूले अरू मान्छे लगाएर पैसा सङ्कलन गर्ने समस्या भोग्नु परेनन् । उद्योगधन्दाहरू राम्रोसँग नचल्दा, विकासले गति लिन सकेन । बैङ्कमा निष्क्रिय रहेका रकमको अवमूल्यन हुँदै छ । त्यसले अन्तत: घाटा वा नोक्सान सदस्यहरूले नै व्यहोर्नुपर्ने हुन्छ ।

नेपाल सरकारले कुनै जलविद्युत् परियोजना वा कुनै किसिमको विकासको लागि गर्नुपरेमा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष वा एसियाली विकास बैङ्कसँग ऋण लिने गर्छ । अहिले नेपालको सार्वजनिक ऋण २९ खर्ब पुगिसकेको छ । ऋण तिर्न र कर्मचारीहरूलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्थामा देश पुगेको छ । यसको मुख्य कारण पुँजी चलायमान नहुनु नै हो । सहकारीको पैसामध्ये निश्चित प्रतिशत तोकेर सहकारीलाई नै शेयर दिएर उद्योग वा विद्युत् परियोजनाहरूमा लगानी गर्न सकेको भए विदेशी ऋण कम लिए पुग्ने, स्वदेशको पुँजी परिचालन हुने र त्यसको फाइदा सहकारी सदस्यहरूले नै पाउने छन् । आवश्यक भए कानुन संशोधन गरेरै भए पनि यस काममा ध्यान दिनु आवश्यक छ ।

सहकारीहरूमा समस्याहरू देखिन थालेपछि पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको संयोजकत्वमा एउटा जाँचबुझ आयोग पनि गठन गरेको थियो । आयोगले सहकारीमाथि अनुगमन र नियमन गर्नुपर्ने, नयाँ दर्ता बन्द गर्नुपर्ने, घर-घरमा गएर बचत सङ्कलन बन्द गर्नुपर्ने, बिनाधितो कर्जा प्रवाह रोक्नुपर्नेलगायत सुझावहरू दिएको थियो । सरकारले यी सुझावहरूलाई पालना गरेको भए पनि धेरै हदसम्म आज देखिएका समस्याहरू आउने थिएनन् । कार्की आयोगले २०७० सालमै यो सिफारिस गरेको थियो ।

कति प्रदेशहरूले कानुनविपरीत स्थानीयको तहको सिफारिसबिनै दर्जनौँ बहुउद्देश्यीय सहकारी दर्ता गरिदिएका छन् । कतिपय नगरपालिकाहरूले नियमविपरीत दर्ता गरिएका बहुउद्देश्यीय सहकारीहरूलाई काम गर्न रोक लगाए । अहिले त्यस्ता सहकारीहरूमा नै बढी समस्या देखिएको छ ।

सहकारी पीडितहरू अहिले पनि सरकारसँग समाधानको आशा लिएर बसिरहेका छन् । विगतका सरकारहरूसँग सहकारी पीडितहरूले आफ्नो बचत फिर्ता दिलाइदिन आन्दोलन गरे, नेताहरूको चाकरी गरे तर सरकारले ध्यानै दिएनन् । किनभने, बचत हिनामिना गर्ने सरकारमा रहेका पार्टीहरूकै प्रभावशाली नेताहरू थिए । बचत संस्था डुबाउनेहरूलाई कारबाहीको सट्टा झन् संरक्षण दिए । यसले सत्ताधारी दलहरूसँग जनता रुष्ट भए । सहकारी ठगहरूको मनोबल बढ्दै गयो ।

भक्तपुर सहकारी संस्थाको रकम हिनामिना गर्ने भ्रष्टाचारीहरूलाई कारबाही गरेको ऐतिहासिक जिल्ला हो । २०२५/२६ सालमै किसानको रकम जम्मा गरेको पैसा व्यापारमा लगानी गरेको कारण जनताले सहकारी सञ्चालकहरूलाई उल्टो टोपी लगाएर कारबाही गरेका थिए । भक्तपुरका सहकारी सञ्चालकहरूले त्यसबाट शिक्षा लिनुपर्छ ।

अहिले भक्तपुर नगरक्षेत्रभित्र कार्य क्षेत्र भएका १५६ वटा सहकारी संस्थाहरू छन् । ती सबै कानुनबमोजिम व्यवस्थित रूपमा चल्न भनेर नगरपालिकाले समय समयमा अनुगमन र नियमन गरिरहेको छ । यद्यपि, केही सहकारीहरूमा समस्या देखिएको सहकारी अनुगमन टोलीमा खट्ने सहकारी समितिका सदस्यहरू बताउने गर्छन् ।

“नगर बाहिरका सञ्चालक भएका केही संस्थाहरू अहिले सम्पर्कविहीन भएका छन् । पीडित जनताको बचत फिर्ता दिलाउन हरदम कोसिस गर्दै छौँ । सम्पत्ति रोक्का गर्ने, सिफारिस रोक्नेजस्ता काम गरेर पीडितको पक्षमा उभेका छौँ” - नगरपालिकाका पदाधिकारीहरू बताउँछन् ।

सहकारी ठगहरू जुनसुकै पदमा रहेको वा जस्तोसुकै पहुँचमा रहेको व्यक्ति भए पनि उनीहरूलाई कानुनबमोजिम कारबाही गर्नुपर्छ । बचतकर्ताहरूको पैसा सञ्चालकहरूको घर घरानाबाटै असुरउपर गराउनुपर्छ ।

नयाँ सरकारले १०० दिनभित्र साना बचतकर्ताहरूको बचत फिर्ता गर्ने काम सुरु गर्ने बताएको छ । त्यो नराम्रो होइन । त्यो बचत फिर्ता राज्यकोषबाट हुनुहुँदैन । राज्यकोषको पैसा जनताले तिरेको कर हो । त्यसको दुरूपयोग गर्नुहुन्न ।

सहकारी सञ्चालकहरू आकाश- पाताल जहाँसुकै बसेको भए पनि खोजी गरेर सबै बचतकर्ताहरूको बचत एक-एक गरी फिर्ता गर्नुपर्छ र त्यसरी बचत हिनामिना गर्ने भ्रष्टाचारीहरूलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ । यो नै अहिलेको जनताको अपेक्षा हो ।

# विश्वासको परीक्षामा शिक्षक

● कृष्णप्रसाद लामिछाने, शिक्षक

शिक्षक केवल ज्ञान दिने व्यक्ति होइनन्; उनीहरू समाजका मार्गदर्शक, मूल्यका संवाहक र भविष्यका निर्माता हुन् । तर विडम्बना के छ भने, आज शिक्षकप्रति सरकार र समुदायको दृष्टिकोण क्रमश: सङ्कुचित बन्दै गएको अनुभव गर्न सकिन्छ । सरकारी अवसर तथा सेवा-सुविधामा अन्य क्षेत्रका कर्मचारीहरूले प्राथमिकता पाउने र शिक्षकहरूलाई ‘अन्तिम विकल्प’ जस्तो व्यवहार गरिने प्रवृत्तिले यो धारणा अझ गहिरो बनाएको छ ।

यस अवस्थाको एउटा पक्ष सरकार र नीतिगत प्राथमिकतासँग जोडिएको छ भने अर्को पक्ष स्वयं शिक्षकहरूको आचरणसँग पनि सम्बन्धित छ । कतिपय अवस्थामा शिक्षकहरूले आफ्नो पदीय मर्यादा बिर्सेर गर्ने व्यवहार—चाहे त्यो लापरबाही होस्, अनुशासनहीनता होस् वा पेसागत नैतिकताको कमीले समाजमा उनीहरूको छवि कमजोर बनाएको छ । परिणामत: ‘शिक्षक’ भन्ने सम्मानित शब्दप्रति नै प्रश्न उठ्न थालेको छ ।

यही सन्दर्भमा अहिले माध्यमिक शिक्षा परीक्षा (क्भ्भ) का उत्तरपुस्तिका केन्द्रमै परीक्षण गर्ने नयाँ प्रावधानले थप बहस जन्माएको छ । यो व्यवस्थाले कार्यलाई छरितो बनाउने उद्देश्य बोके पनि यसको वैधता र विश्वसनीयतामाथि जनस्तरमा शङ्का उत्पन्न भएको देखिन्छ । जब परीक्षाजस्तो संवेदनशील प्रक्रियामा पारदर्शिता र निष्पक्षतामाथि प्रश्न उठ्छ, त्यसको सीधा असर शिक्षाप्रति समाजको विश्वासमा पर्छ ।

तर, यही चुनौतीभित्र एउटा ठुलो अवसर पनि लुकेको छ । यदि शिक्षकहरूले आफ्नो पदीय मर्यादालाई उच्च स्थानमा राख्दै, निष्पक्ष, इमानदार र उत्तरदायी भएर उत्तरपुस्तिका परीक्षण जस्तो संवेदनशील कार्य सम्पन्न गर्न सके भने यसले समाजमा रहेको शङ्कालाई चिर्न सक्छ । व्यवहारले नै विश्वास निर्माण गर्छ र शिक्षकको व्यवहार नै उनीहरूको सबैभन्दा ठुलो प्रमाणपत्र हो ।

सरकारको तर्फबाट शिक्षकलाई केवल ‘शिक्षण गर्ने कर्मचारी’ का रूपमा होइन, राष्ट्र निर्माणका केन्द्रीय शक्तिका रूपमा हेर्ने दृष्टिकोण विकास गर्न आवश्यक छ । समान अवसर, उचित सेवा-सुविधा र पेसागत सम्मानले मात्र शिक्षकलाई जिम्मेवारीप्रति अझ प्रतिबद्ध बनाउन सक्छ । अर्कोतर्फ, समुदायले पनि शिक्षकप्रति केवल आलोचना होइन, सहकार्य र विश्वासको वातावरण निर्माण गर्नुपर्छ ।

अन्तत:, शिक्षकप्रतिको नजरिया परिवर्तन कुनै एक पक्षको प्रयासले मात्र सम्भव छैन । यो सरकार, शिक्षक र समुदाय—तीनै पक्षको साझा जिम्मेवारी हो । तर, पहल गर्ने सबैभन्दा ठुलो अवसर अहिले स्वयं शिक्षककै हातमा छ । यदि उनीहरूले आफ्नो आचरण, मर्यादा र पेसागत निष्ठामार्फत विश्वास जित्न सके भने आजको शङ्का भोलिको सम्मानमा रूपान्तरण हुन धेरै समय लाग्ने छैन ।

यस अर्थमा, अहिलेको समय शिक्षकका लागि केवल उत्तरपुस्तिका परीक्षणको समय होइन; यो उनीहरूको विश्वास, इमानदारी र मर्यादाको वास्तविक परीक्षा हो ।

# इथियोपियादेखि जाम्बियासम्मको उदाहरणले भन्छ, बीआरआई साझा भविष्य हो – २

✍ चेतनाथ आचार्य

बीआरआईमार्फत चीनले युरेसिया र बाहिर कनेक्टिभिटी बढाउने विविध पहलहरूलाई समर्थन गरेर विदेशी विकासलाई सबल बनाउँदै आर्थिक र सुरक्षा हितलाई बलियो बनाउन खोजिरहेको छ। सन् २०१७ को मे महिनामा पेइचिङमा भएको पहिलो बेल्ट एन्ड रोड मञ्चमा चिनियाँ राष्ट्रपति सी चिनफिङले बेल्ट एन्ड रोड इनिसिएटिभलाई पछ्याउँदै चीनले विकासको आधारभूत मुद्दामा ध्यान केन्द्रित गर्नुपर्ने बताएका थिए। विभिन्न देशहरूको आर्थिक वृद्धि गराउने र आर्थिक एकीकरण तथा अन्तरसम्बन्धित विकास हासिल गर्ने कुरामा जोड दिँदै यसले सबैलाई फाइदा पुऱ्याउनुपर्ने कुरामा उनले जोड दिएका थिए।

बीआरआई एउटा छाता हो, जसले सामान, लगानी र मानिसहरूको प्रवाहलाई प्रवर्द्धन गर्ने उद्देश्य बोकेको छ। बीआरआईद्वारा बढाइएका नयाँ जडानहरूले सम्बन्धहरूलाई पुनः ताजगी गर्ने आर्थिक गतिविधिलाई पुनः मार्गनिर्देशन गर्ने र राज्यहरूभित्र र आपसमा शक्ति परिवर्तन गर्ने कार्य हुन्छ। सन् २०१५ को मार्चमा चिनियाँ परराष्ट्र मन्त्रालयले बीआरआईको विशिष्ट नीतिगत लक्ष्यहरूलाई स्पष्ट पार्ने कार्य योजना (राष्ट्रिय विकास तथा सुधार आयोगद्वारा जारी गरिएको) सार्वजनिक गरेको थियो। उक्त कार्य योजनामा समावेश भएका बुँदाहरू यस प्रकार थिए :

- आर्थिक विकास रणनीति र क्षेत्रीय सहयोगका लागि योजनाजस्ता उच्चस्तरीय सरकारी नीतिहरूलाई राम्रोसँग मिलाउन अन्तरसरकारी सञ्चार सुधार गर्ने,
- यातायात प्रणाली र पावर ग्रिडहरूजस्ता कडा पूर्वाधार नेटवर्कहरूलाई राम्रोसँग जोड्न पूर्वाधार योजनाहरूको समन्वयलाई सुदृढ पार्ने,
- व्यापार सम्झौताहरूमा हस्ताक्षर, नियामक मापदण्डहरूको पङ्क्तिबद्धता र वित्तीय एकीकरण सुधार गर्नेजस्ता नरम पूर्वाधारको विकासलाई प्रोत्साहन गर्ने,
- विद्यार्थी, विशेषज्ञ र सांस्कृतिक आदानप्रदान तथा पर्यटन प्रवर्द्धन गरेर जनस्तरको सम्बन्धलाई सुदृढ पार्ने।

बीआरआई साझेदार देशहरूले बीआरआईको सबैभन्दा आकर्षक तत्त्व - यसको कडा पूर्वाधारको प्रावधान भएको पाएका छन्। एसियाली विकास बैङ्कले अनुमान गरेअनुसार एसियाका विकासशील देशहरूलाई सामूहिक रूपमा विकासलाई दिगो बनाउन पूर्वाधार लगानीमा २६ ट्रिलियन डलर आवश्यक पर्नेछ। बीआरआईमार्फत चीनले विश्वभर यी पूर्वाधार परियोजनाहरूलाई वित्तपोषण र सञ्चालन गर्न आफ्नो पर्याप्त आर्थिक स्रोतहरू प्रयोग गर्न खोजेको छ। बीआरआईको पहिलो १० वर्ष (२०१३ देखि २०२३) मा चीनले बीआरआई देशहरूसँग लगभग एक ट्रिलियन डलरको लगानी र निर्माण सम्झौताहरूमा हस्ताक्षर गरेको छ।

चिनियाँ राज्य परिषद् सूचना कार्यालयले तेस्रो बीआरआई मञ्चको एक हप्ताअघि सन् २०२३ को अक्टोबरमा चीनको बीआरआई महत्त्वाकाङ्क्षाका बारेमा नयाँ श्वेतपत्र जारी गरेको थियो। उक्त श्वेतपत्रका अनुसार बीआरआईको पहिलो दशकको सफलताको रूपरेखा प्रस्तुत गर्दै बीआरआईको भविष्यको ध्यान दिगो विकासका परियोजनाहरूमा केन्द्रित भएको छ।

त्यस्ता परियोजनाहरूमा हरित विकास, विज्ञान र प्रविधि सहयोग र डिजिटल कनेक्टिभिटीमा रहेका छन्। मञ्चमा चिनियाँ राष्ट्रपति सीको सम्बोधनले बीआरआईका यी नयाँ विशेषताहरूप्रति चीनको प्रतिबद्धतालाई पनि उत्तिकै प्रकाश पारेको थियो। उनले चीनका लागि प्रतिबद्धताका आठ क्षेत्रहरू प्रस्तुत गरेका थिए। ती आठ क्षेत्रहरूमा बहुआयामिक बीआरआई कनेक्टिभिटी नेटवर्क निर्माण, खुला विश्व अर्थतन्त्रलाई समर्थन, व्यावहारिक सहयोग, हरित विकासको प्रवर्द्धन, वैज्ञानिक र प्राविधिक नवप्रवर्तनलाई प्रोत्साहन, जनता-जनता आदानप्रदानलाई समर्थन, अखण्डतामा आधारित बीआरआई सहयोगलाई प्रवर्द्धन र अन्तर्राष्ट्रिय बीआरआई सहयोगका लागि संस्थागत निर्माणलाई सुदृढ रहेका छन्।

उल्लेखित आठ प्रतिबद्धताहरूको एक भाग कृत्रिम बुद्धिमत्ता (एआई) शासनका लागि नयाँ ग्लोबल इनिसिएटिभ हो, जसले आदानप्रदान र संवादमार्फत 'विश्वमा ध्वनि, व्यवस्थित र सुरक्षित एआई विकास' का लागि प्रयास गर्छ। चिनियाँ अधिकारीहरूका अनुसार एआईमा ध्यान केन्द्रित गर्नाले चीनका अन्य तीन व्यापक पहलहरू, विश्वव्यापी विकास पहल, विश्वव्यापी सुरक्षा पहल र विश्वव्यापी सभ्यता पहललाई पनि अगाडि बढाउनेछ। यी लक्ष्यहरू चिनियाँ हितहरूलाई राम्रोसँग समर्थन गर्ने विश्वव्यापी व्यवस्थाका लागि नयाँ रूपरेखाहरू सिर्जना गर्ने हुन्। तिनीहरू सीको कार्यकालको नयाँ पहिचान बनेका छन्।




पछिल्लो समय सन् २०२५ को अगस्ट अन्तमा थिआनचिनमा आयोजित शाङहाई सहयोग सङ्गठनको शिखर सम्मेलनमा सी चीनफिङले विश्वव्यापी शासन व्यवस्था पहल नामक नयाँ पहल अगाडि सारेका छन्।

**बीआरआईका केही नमुना परियोजनाहरू**

बीआरआई परियोजना प्राचीन सिल्क रोडको आधुनिक संस्करण हो। यसले युरेसिया, अफ्रिका र युरोपलाई व्यापार, पूर्वाधार ढाँचा र सांस्कृतिक आदानप्रदानमार्फत जोड्ने महत्त्वाकाङ्क्षा राखेको छ। सन् २०१५ मा चीनले आधिकारिक रूपमा बीआरआईको रूपरेखा जारी गऱ्यो, जसमा जमिनबाट जोडिने क्षेत्र (युरेसियाली सडक नेटवर्क) र समुद्री मार्ग समावेश गरिएको छ। सन् २०१७ मा चीनले पहिलोपटक बीआरआई मञ्च आयोजना गरेको थियो जसमा १३० भन्दा बढी देशले सहभागिता जनाएका थिए।

अन्तर्राष्ट्रिय व्यापार बढाउनका लागि यातायात, ऊर्जा र डिजिटल पूर्वाधार ढाँचा विकास गरेर युरेसियाली व्यापारलाई सुगम बनाउनु बीआरआईको पहिलो उद्देश्य हो। चीनको विकास र पुँजी वितरण गर्दै विकासोन्मुख मुलुकको आर्थिक तथा सामाजिक उन्नति गर्नका लागि चिनियाँ उद्योग, प्रविधि र मुद्रा (युआन) को वैश्विक प्रभाव बढाउने उद्देश्य पनि बीआरआईले बोकेको छ। त्यसैगरी, बीआरआईमार्फत सबै देशहरूसँग चीनको रणनीतिक सम्बन्ध सशक्त बनाउने उद्देश्यलाई पनि अगाडि सारिएको छ।

बीआरआईका ठुला परियोजनाहरूमा चीन पाकिस्तान इकोनोमिक करिडर (सिपेक)लाई उदाहरणको रूपमा लिन सकिन्छ। सिपेकमार्फत पाकिस्तानमा ग्वादर बन्दरगाह र राजमार्ग निर्माण गरिएको छ।

त्यसैगरी, दक्षिणपूर्व एसियामा लाओस चीन रेलवे सेवा र इन्डोनेसियामा जाकर्ता बान्डुङ उच्च गतिको रेलवे सेवा पनि बीआरआईकै परियोजना हुन्। बीआरआईका परियोजना अफ्रिकी महादेशमा पनि थुप्रै छन्। उदाहरणको रूपमा इथियोपिया जिबुती रेलवे र मोम्बासा नैरोबी रेलवेलाई लिन सकिन्छ। एसिया र अफ्रिकामा मात्र नभई युरोपमा पनि बीआरआईका परियोजनाहरू रहेका छन्। ग्रिसको पिराइयस बन्दरगाहमा चिनियाँ लगानी रहेको छ।

बीआरआईले गर्दा पूर्वाधार ढाँचाको विकासअन्तर्गत निर्माण, ऊर्जा र यातायात क्षेत्रमा व्यापक प्रगति भएको छ। नेपाल, पाकिस्तानजस्ता देशहरूमा चीनले लगानी वृद्धि गर्दा रोजगारी बढेको छ। बीआरआईले सांस्कृतिक आदानप्रदानसँगै शैक्षिक, पर्यटन र प्रविधि सहयोग बढेको छ।

बीआरआई परियोजनाअन्तर्गत दक्षिण अमेरिकाको पेरुमा चीनको निकै ठुलो लगानी रहेको छ। सन् २०२४ को नोभेम्बर १४ का दिन चिनियाँ राष्ट्रपति सी र पेरुका राष्ट्रपति डिना बोलुआर्टेले लिमास्थित राष्ट्रपति भवनबाट 'रिमोट' दबाएर चानकेई बन्दरगाहको उद्घाटन गरेका थिए। लिमादेखि करिब ६० किलोमिटर दूरीमा रहेको चानकेई बन्दरगाह चीनबाट करिब १७ हजार किलोमिटरको दूरीमा छ। यो बनिसकेपछि ल्याटिन अमेरिकाकै महत्त्वपूर्ण 'हब बन्दरगाह' बन्ने छ।

सन् २०१९ देखि बनाउन थालिएको चानकेई बन्दरगाह चीन र पेरुको संयुक्त लगानी र विकासमा आधारित छ। यो बीआरआईको एक महत्त्वपूर्ण परियोजना हो। यसको तीन अर्ब ५० करोड अमेरिकी डलर लगानीमध्ये ६० प्रतिशत चीनको र ४० प्रतिशत पेरुको छ। यो बन्दरगाह बनिसकेपछि चीन र ल्याटिन अमेरिकाबिच एक नयाँ भूमि समुद्री करिडोर बन्नेछ। 'चानकेईदेखि शाङहाईसम्म' नारा लिएर सञ्चालन हुने यो बन्दरगाह चीन र पेरुको साझा विकास बढाउने मार्ग कहलिनेछ।

बन्दरगाह खुलेपछि दुई देशबिच एकतर्फ समुद्री ढुवानी समय २३ दिनले घट्नेछ। कम्तीमा २० प्रतिशत लागत बचत हुनेछ। प्रत्येक वर्ष चार अर्ब ५० करोड अमेरिकी डलरको कारोबार गर्नेछ। पेरुका लागि ८ हजारभन्दा बढी प्रत्यक्ष रोजगारी सिर्जना गर्नेछ।

बीआरआईले विश्व व्यापारको ४० प्रतिशत हिस्सा लिएको छ। अर्थ सञ्जालमा यसले प्रत्यक्ष रूपमा युरोप, एसिया र अफ्रिकालाई जोडेको छ। यो परियोजनाले चीनलाई 'विश्व विकासको इन्जिन' का रूपमा स्थापित गरेको छ।

बीआरआई नेपालका लागि पनि महत्त्वपूर्ण छ। नेपालले हिमालय सीमापार रेलवे र सडक सञ्जालमार्फत चीनसँग थप जोडिने मौका पाएको छ। बीआरआई विश्वको सबैभन्दा ठुलो पूर्वाधार ढाँचा परियोजना हो, जसले आर्थिक विकास र भूराजनीतिक प्रतिस्पर्धालाई परिवर्तन गरिरहेको छ। यसले एसिया, अफ्रिका, युरोप र अन्य क्षेत्रहरूलाई जोडेर वैश्विक अर्थतन्त्रलाई थप चलायमान बनाएको छ। विशेषगरी एसिया र अफ्रिकामा बीआरआईले व्यापार, यातायात, ऊर्जा र डिजिटल कनेक्टिभिटीमा ठुलो परिवर्तन ल्याएको छ। यसले विकासशील देशहरूलाई आर्थिक वृद्धिको अवसर दिएको छ।

एसियामा बीआरआईले यातायात, ऊर्जा र वाणिज्य क्षेत्रमा विकास गरेर क्षेत्रीय एकीकरणलाई बढावा दिएको छ। उदाहरणको रूपमा सिपेकलाई लिन सकिन्छ। चीन-पाकिस्तान-इकोनोमिक करिडर अर्थात् सिपेक परियोजनाअन्तर्गत ग्वादर बन्दरगाहले मध्यपूर्व अफ्रिका र युरोपसम्म चीनको व्यापारिक मार्ग छोटो बनाएको छ। यही परियोजनामा कोइला, जलविद्युत् र सौर्य ऊर्जा संयन्त्रहरूले पाकिस्तानको विद्युत् आपूर्तिमा ठुलो सुधार आएको छ। यसले पाकिस्तानको अर्थतन्त्रमा पनि व्यापक प्रभाव परेको छ। पाकिस्तानको जीडीपीमा वृद्धि गराएको छ।

यसैगरी, लाओस चीन रेलवेको विश्लेषण गर्न सकिन्छ। ६ अर्ब अमेरिकी डलरको लागतमा निर्मित यो रेलवे सेवाले लाओसलाई दक्षिणपूर्व एसियाली देशहरूसँग जोडेको छ। यसले लाओसलाई भूपरिवेष्ठितबाट भू-जडित मुलुक बनाएको छ।

इन्डोनेसियामा जाकर्ता बान्डुङ उच्च गतिको रेलेवे सेवा पनि बीआरआईकै परियोजना हो। ७ अर्ब ३० करोड अमेरिकी डलरमा चीनले निर्माण गरेको इन्डोनेसियाकै पहिलो उच्च गतिको यो रेल सेवाले ३ घण्टा लाग्ने समयलाई घटाएर ४० मिनेटमा झारेको छ। यसले पर्यटन र व्यापार बढाएको छ।

अफ्रिकाको सामाजिक तथा आर्थिक अवस्था सुधार गर्न बीआरआईले अहम् भूमिका निर्वाह गरेको छ। अफ्रिकामा बीआरआईले बन्दरगाह, रेलवे सेवा र ऊर्जा परियोजनाहरूमार्फत आर्थिक विकासलाई गति दिएको छ।

इथियोपिया जिबुती रेलवे सेवा ४ अर्ब अमेरिकी डलरमा निर्माण भएको हो। यो रेलवे सेवाले इथियोपियालाई समुद्री बन्दरगाह (जिबुती) सँग जोडेको छ। यसले इथियोपियाको निर्यात समयलाई तीन दिनबाट १२ घण्टामा झारेको छ।


केन्यामा निर्मित मोम्बासा नैरोबी रेलवे सेवालाई अर्को उदाहरणका रूपमा लिन सकिन्छ। ३ अर्ब २० करोड डलर लागतको यो रेलवे सेवाले केन्याको यातायात प्रणाली सुधारेको छ। बीआरआई परियोजनाअन्तर्गत नै मिश्रको नयाँ राजधानी परियोजना निर्माण भइरहेको छ। चीनले ३ अर्ब डलर लगानी गरेर नयाँ प्रशासनिक राजधानी निर्माण गरिरहेको छ। यसले सो क्षेत्रमा रोजगारी दर बढाएको छ।


अङ्गोला र जाम्बियामा बन्दरगाह र सडक निर्माणको काम पनि बीआरआई परियोजनाअन्तर्गत भइरहेका छन्। अफ्रिकाको लोबिटो बन्दरगाह (अङ्गोला) ले अफ्रिकी खनिज निर्यात बढाएको छ। जाम्बिया तान्जानिया रेलवे सेवाले तामा निर्यात गर्न सजिलो बनाएको छ।

उल्लेखित उदाहरणबाट के स्पष्ट हुन्छ भने बीआरआई परियोजनाले विश्व अर्थतन्त्रमा व्यापक योगदान दिएको छ। बीआरआईले युरोप, एसिया र अफ्रिकालाई जोडेर वैश्विक व्यापारको ४० प्रतिशत समेटेको छ। पूर्वाधार ढाँचा विकास गरेर विकासोन्मुख देशहरूलाई सडक, रेलवे र बन्दरगाहजस्ता आधारभूत संरचना प्रदान गरेको छ।

यी योगदानसँगै चिनियाँ मुद्रा युआनलाई अन्तर्राष्ट्रिय मुद्राका रूपमा बढावा मिलेको छ। फलस्वरूप अमेरिकी प्रभाव घट्दै गएकाले अमेरिकी गठबन्धन मुलुकहरूले बीआरआईलाई रुचाएका छैनन्। त्यसैले, उनीहरूले चीनलाई बदनाम गर्नको लागि बीआरआईलाई ऋणको पासो भनेर अपव्याख्या गरिरहेका छन्। श्रीलङ्का, जाम्बियाजस्ता देशहरूमा भएको प्रशासनिक कमजोरी र व्याप्त भ्रष्टाचारका कारण बीआरआई परियोजनाको ऋण तिर्न ती मुलुकलाई कठिन भएको भनिएको छ। अमेरिका, भारतजस्ता देशहरूले बीआरआईलाई चीनको 'रणनीतिक विस्तार' र चीनको प्रभुत्व भनेर चीनमाथि हिलो छ्याप्ने काम गरिरहेका छन्।

*(मकालु ग्रुप अफ कम्पनीद्वारा प्रकाशित चेतनाथ आचार्यको 'चिनियाँ दृष्टिकोण' पुस्तकको अंश।)*





अमेरिकी सेनाले इरानका नागरिक पूर्वाधारमाथि मिसाइल आक्रमण गर्ने घोषणापछि अप्रिल ७ का दिन मानव ढाल बनी पुलमा आएर बसेका इरानी जनता ।

*तस्बिर : प्रेस टिभी*

# अमेरिका इरानबिच युद्धविराम सुरक्षित मार्ग सुनिश्चित गर्ने विश्वको आशा

पेरिस, ८ अप्रिल (एएफपी) । संयुक्त राज्य अमेरिका र इरानले दुई हप्ताका लागि युद्धविराममा सहमति जनाएपछि दुवै पक्षले आफूलाई विजयकर्ता घोषणा गरेका छन् । यस घटनापछि विश्वभरबाट आएका प्रतिक्रियाहरूले मध्यपूर्वमा शान्ति र स्थिरता कायम राख्ने चुनौतीको गम्भीरतालाई उजागर गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले युद्धविरामको स्वागत गर्नुभएको छ र सबै पक्षलाई दीर्घकालीन शान्तिका लागि काम गर्न आह्वान गर्नुभएको छ । महासचिवका प्रवक्ताका अनुसार महासचिवले अमेरिका र इरानको घोषणालाई स्वागत गरे पनि युद्धविरामका सर्तहरूको पालना गर्न र अन्तर्राष्ट्रिय कानुनअनुसार दायित्व पूरा गर्न सबै पक्षलाई आग्रह गर्नुभयो ।

अस्ट्रेलियाले युद्धको दीर्घकालीन असरको चेतावनी दिँदै युद्धविराम कायम राख्न र द्वन्द्व समाधानमा ध्यान दिनुपर्ने बताएको छ । प्रधानमन्त्री एन्थोनी अल्बानिजका अनुसार, युद्धले विश्वव्यापी अर्थतन्त्रमा ठुलो प्रभाव पार्नेछ र मानव जीवनमा उच्च लागत निम्त्याउनेछ । उहाँले सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानुन पालना गर्न र नागरिक जीवनको रक्षा गर्न आह्वान गर्नुभयो ।

न्युजिल्यान्डले युद्धविराम स्वागत गरे पनि स्थायी शान्ति कायम गर्न अझै महत्त्वपूर्ण काम बाँकी रहेको बताएको छ । विदेशमन्त्री विन्स्टन पिटर्सका प्रवक्ताले न्युजिल्यान्ड आगामी दिनहरूमा द्वन्द्वको स्थायी अन्त्यका लागि सबै प्रयासहरूमा समर्थन दिने बताउनुभयो ।

दक्षिण कोरियाले युद्धविरामको स्वागत गर्दै यसले होर्मुज जलडमरूमध्य हुँदै आफ्ना सबै जहाजहरू सुरक्षित मार्गमा ल्याउने विश्वास व्यक्त गरेको छ । दक्षिण कोरियाको विदेश मन्त्रालयका अनुसार, सरकारले दुई पक्षबिचको वार्ता सफलतापूर्वक सम्पन्न हुने आशा गरेको छ र सम्बन्धित देशहरूसँग सञ्चार तथा परामर्शमार्फत जलडमरूमध्यको सुरक्षित नेभिगेसन सुनिश्चित गर्ने योजना बनाएको छ ।

जापानले होर्मुज स्ट्रेटमार्फत सुरक्षित नेभिगेसन सुनिश्चित गर्न ठोस कदम आवश्यक रहेको बताएको छ । जापानी सरकारका प्रवक्ता मिनोरु किहाराले भन्नुभयो, “स्थिति कम गर्न ठोस कदम चालिनेछ र प्रारम्भिक मितिमा कूटनीतिक माध्यमबाट अन्तिम सम्झौतामा पुग्ने अपेक्षा राखिन्छ ।” जापान विश्वको चौथो ठुलो अर्थतन्त्र र तेलको पाँचौँ ठुलो आयातकर्ता भएकाले यस मार्गको सुरक्षा त्यसको लागि अत्यन्त महत्त्वपूर्ण छ ।

इराकले युद्धविरामलाई स्वागत गर्दै अमेरिका र इरानलाई गम्भीर र दिगो संवादका लागि आह्वान गरेको छ । इराकको विदेश मन्त्रालयले भनेको छ, “विवादका मूल कारणहरूलाई सम्बोधन गर्ने र आपसी विश्वासलाई बलियो बनाउने संवाद आवश्यक छ ।”

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले अमेरिका, इरान र उनीहरूका सहयोगीहरूले लेबनानसहित सबै क्षेत्रमा तत्काल युद्धविराम गर्न सहमति जनाएको बताउनुभयो । यद्यपि, इजरायलले दुई हप्ताको युद्धविराममा लेबनान समावेश नरहेको दाबी गरेको छ ।

विश्वभरका देशहरूले मध्यपूर्वको स्थिरता र व्यापारिक मार्गहरूको सुरक्षा सुनिश्चित गर्न युद्धविरामको महत्त्व स्वीकार गर्दै थप कूटनीतिक प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यस घटनाले अन्तर्राष्ट्रिय समुदायलाई युद्धको जोखिम कम गर्ने, आर्थिक अस्थिरता घटाउने र मानव जीवनको सुरक्षा सुनिश्चित गर्ने चुनौतीको आवश्यकता स्मरण गराएको छ ।

# अमेरिका–इरान युद्धविराममा इजरायलको बाध्यताको साथ

जेरुसेलम, ८ अप्रिल (एएफपी) । अन्तिम क्षणमा टरेको ठुलो युद्धपछि अमेरिका र इरानबिच भएको दुई हप्ताको अस्थायी युद्धविरामलाई इजरायलले बाध्यतावश समर्थन जनाएको छ, तर लेबनान यस सहमतिबाट बाहिर रहेको स्पष्ट पार्दै क्षेत्रीय तनाव अझै कायमै रहने सङ्केत दिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि सम्भावित विनाशकारी आक्रमण स्थगित गर्ने निर्णय लिएपछि वासिङ्टन र तेहरानबिच मङ्गलबार राति युद्धविराममा सहमति भएको हो । यो सहमति ट्रम्पले दिएको कडा समयसीमा सकिनु एक घण्टाअघि मात्रै सम्भव भएको थियो, जसले कूटनीतिक प्रयासको संवेदनशीलता झल्काएको छ ।

यस समझदारीअनुसार इरानले दुई हप्तासम्म होर्मुज जलडमरू हुँदै अन्तर्राष्ट्रिय समुद्री यातायातका लागि सुरक्षित मार्ग सुनिश्चित गर्ने जनाएको छ । यही अवधिलाई उपयोग गर्दै दुवै पक्षबिच वार्ता अघि बढाइनेछ, जसका लागि पाकिस्तानमा शुक्रबारदेखि औपचारिक संवाद सुरु हुने तय गरिएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा इजरायलले ट्रम्पको निर्णयलाई समर्थन गर्ने उल्लेख गर्दै इरानले तुरुन्तै जलडमरू खोल्नुका साथै अमेरिका, इजरायल र क्षेत्रका अन्य देशहरूमाथिका सबै आक्रमण रोक्नुपर्नेमा जोड दिएको छ । साथै, इरानले भविष्यमा आणविक, क्षेप्यास्त्र तथा आतङ्कवादसम्बन्धी खतरा नउठाउने सुनिश्चित गर्न अमेरिकाले चालेका प्रयासहरूमा पनि इजरायलको साथ रहने जनाइएको छ ।

यद्यपि, इजरायलले यो युद्धविराम लेबनानमा लागू नहुने स्पष्ट पारेको छ । यसले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले दिएको त्यसअघिको अभिव्यक्तिलाई अस्वीकार गरेको देखिन्छ, जसमा उहाँले लेबनानसहित सबै क्षेत्रमा युद्धविराम लागू हुने सङ्केत दिनुभएको थियो ।

लेबनान युद्धमा तानिनुको मुख्य कारण इजरायलले दक्षिणी लेबनानमा आक्रमण गर्नु र इरान समर्थित हिजबुल्लाह समूहले इजरायलमाथि गरेको रकेट आक्रमण रहेको बताइएको छ । त्यसपछि इजरायलले लेबनानभरि व्यापक हवाई आक्रमण र सैन्य कारबाही सञ्चालन गरेको थियो, जसमा एक हजार ५०० भन्दा बढी मानिसले ज्यान गुमाएको अधिकारीहरूले जनाएका छन् ।

यसबिच, इजरायलले सुरुदेखि नै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष रूपमा संलग्न हुन आग्रह गर्दै आएको थियो । फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी मारिनुभएको थियो भन्ने विवरण पनि सार्वजनिक भइसकेको छ ।

दुई हप्ताको यो अस्थायी युद्धविरामले तत्कालका लागि तनाव घटाउने अपेक्षा गरिएको भए पनि लेबनानमा जारी द्वन्द्व र क्षेत्रीय अविश्वासका कारण दीर्घकालीन शान्तिको सम्भावना अझै अनिश्चित देखिएको छ ।

# चिनियाँ विदेशमन्त्री वाङ यी उत्तर कोरिया भ्रमणमा



पेइचिङ, २५ चैत (एएफपी) । चीनका वरिष्ठ कूटनीतिज्ञ वाङ यीले यस बिहीबार प्रजातान्त्रिक जनगणतन्त्र (उत्तर) कोरियाको भ्रमण गर्नुहुने पेइचिङको विदेश मन्त्रालयले जनाएको छ । उहाँको भ्रमण छिमेकी देशहरूबिच रणनीतिक सम्बन्ध सुदृढ गर्ने र द्विपक्षीय सहयोगलाई नयाँ उचाइमा पुर्‍याउने लक्ष्यका साथ आयोजना गरिएको हो ।

चीन प्रजग कोरियाको सबैभन्दा ठुलो व्यापारिक साझेदार र राजनीतिक, कूटनीतिक तथा आर्थिक सहयोगको प्रमुख स्रोत हो । कोभिड-१९ महामारीपछि छ वर्षको अन्तरालपछि पहिलो पटक गत हप्ता पेइचिङ र प्योङ्याङबिच प्रत्यक्ष उडान पुनः सुरु भएको छ । मार्चमा राजधानीबिच रेल सेवा पनि पुनः सञ्चालनमा आएको थियो, जसले प्रजग कोरियाले बिस्तारै खुलापन देखाएको सङ्केत दिएको छ ।

“शुक्रबारसम्म चल्ने वाङको भ्रमण चीन-उत्तर कोरिया सम्बन्धलाई कायम राख्ने र नयाँ सहयोगका अवसरहरू पहिल्याउने ‘महत्त्वपूर्ण’ कदम हो”, पेइचिङमा विदेश मन्त्रालयका प्रवक्ता माओ निङले बुधबार पत्रकार सम्मेलनमा भन्नुभयो ।

उहाँले भन्नुभयो, “चीन प्रजग कोरियासँग रणनीतिक संवाद बलियो बनाउन, अनुभव आदानप्रदान र सहयोग वृद्धि गर्न तथा परम्परागत मित्रवत सम्बन्धलाई निरन्तर अघि बढाउन प्रतिबद्ध छ ।” उहाँले प्रजग कोरियालाई ‘पहाड र नदीले जोडिएको परम्परागत मित्रवत छिमेकी’ का रूपमा वर्णन गर्नुभयो ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले फेब्रुअरीमा किम जोङ-उनलाई वर्कर्स पार्टीको नेतृत्वमा पुनः निर्वाचित भएकोमा बधाई दिँदै चीन-उत्तर कोरियाको सम्बन्धमा ‘नयाँ अध्याय’ लेख्ने उत्साह व्यक्त गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो, “विश्वले शताब्दीमा एक पटक आउने परिवर्तनको सामना गरिरहेको छ र हामी यस मित्रता सुदृढ गर्न इच्छुक छौँ ।”

महामारीपछि चीनले आफ्ना सीमाहरू पूर्ण रूपमा खोलेको भए पनि प्रजग कोरियाले सुस्त गतिमा खुलापन देखाएको छ । महामारीअगाडि, चिनियाँ पर्यटकहरू प्रजग कोरियामा विदेशी आगन्तुकहरूको ठुलो हिस्सा बनेका थिए । सन् २०१९ मा करिब तीन लाख ५० हजार पर्यटकले प्योङ्याङ भ्रमण गरेका थिए । उक्त भ्रमणले देशको राजस्वमा महत्त्वपूर्ण योगदान दिएको थियो एनके न्युजले विश्लेषणमा उल्लेख गरेको छ ।

वाङ यीको भ्रमणले चीन-प्रजग कोरिया सम्बन्धलाई राजनीतिक, आर्थिक र कूटनीतिक दृष्टिले सुदृढ बनाउने अपेक्षा गरिएको छ, जसले क्षेत्रीय स्थिरता र दुवै देशबिचको भरोसापूर्ण सहकार्यमा नयाँ गति थप्नेछ ।

# अमेरिका – इरान युद्धविराम निर्णायक वार्ता पाकिस्तानमा

इस्लामावाद (पाकिस्तान), ८ अप्रिल (एएफपी) । पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले मध्यपूर्व युद्धविरामको घोषणापछि यस हप्ताको अन्त्यमा पाकिस्तानले अमेरिका र इरानका प्रतिनिधिमण्डललाई इस्लामाबादमा स्वागत गर्ने बताउनुभएको छ ।

उहाँले दुवै देशको नेतृत्वप्रति कृतज्ञता व्यक्त गर्दै विवाद समाधानार्थ निर्णायक वार्ता गर्न सन् २०२६ अप्रिल -१० शुक्रबार इस्लामाबादमा उनीहरूको प्रतिनिधिमण्डललाई सामाजिक सञ्जाल एक्समार्फत आमन्त्रित गर्नुभएको छ ।

पछिल्लो समयमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग घनिष्ठ सम्बन्ध बनाउँदै छिमेकी इरानप्रति संवेदनशील रहेको पाकिस्तान हाल तेहरान र वासिङ्टनबिच मध्यस्थकर्ता रूपमा देखापरेको छ । पाकिस्तानी प्रधानमन्त्री सरिफले ‘इस्लामाबाद वार्ता’ दिगो शान्ति प्राप्त गर्न सफल हुने विश्वास व्यक्त गर्नुभएको छ ।

तेहरान र वासिङ्टन दुवैले राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानलाई नष्ट गर्ने समयसीमा समाप्त हुनुभन्दा एक घण्टा अघिमात्र दुई हप्ताको युद्धविरामका लागि सहमति भएको बताएका छन् ।

इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेपछि युद्ध सुरु भएको थियो । फेब्रुअरी -२८ मा सर्वोच्च इरानी नेताको हत्या भएको थियो भने तेहरानबाट प्रतिक्रया स्वरूप खाडी राष्ट्रहरू र इजरायलमाथि जवाबी आक्रमणहरू भएको थियो ।

इरान समर्थित समूह हिजबुल्लाहले इजरायलमाथि आक्रमण गरेपछि लेबनान पनि द्वन्द्वमा तानिएको थियो ।

सरिफले लेबनानसहितका क्षेत्रमा युद्धविराम लागु भएको बताउनुभएको छ । यद्यपि, इजरायलले त्यस क्षेत्रमा हिजबुल्लाहविरुद्ध कारबाही गरिरहेको जनाउँदै यस क्षेत्रमा युद्धविराम लागू नभएको जिकिर गरेको छ ।

इरानका सबै पावर प्लान्ट र पुलहरू नष्ट गर्ने ट्रम्पको धम्कीलाई रोक्न पाकिस्तानलगायतका मध्यस्थकर्ताहरूको आह्वानमा अस्थायी युद्धविराम भएको जनाइएको छ ।

टर्की र इजिप्टले पनि हालैका दिनहरूमा मध्यस्थता गर्न मद्दत गरिरहेका थिए भने चीनले इरानलाई वार्ताको टेबलमा ल्याउन मद्दत गरेको ट्रम्पलाई उद्धृत गर्दै एएफपीले जनाएको छ ।



**जुम्लाको खलङ्गा बजार**

जुम्लाको सदरमुकाम खलङ्गा बजार र आसपासको क्षेत्र । पछिल्लो समय यहाँ सहरीकरण बढ्दो छ । *तस्बिर: विजय रावत/रासस*

# भवन बन्यो, विषादी परीक्षण प्रयोगशाला स्थापना भएन

काँक्रेविहार (सुर्खेत), २५ चैत । कर्णाली प्रदेश सरकारले स्थापना गर्ने भनिएको विषादी प्रयोगशाला अझै स्थापना हुनसकेको छैन । सल्यानको कपुरकोट र सुर्खेतको भेरीगङ्गा नगरपालिकाको हर्रेमा स्थापना गर्ने भनिएको प्रयोगशाला अझै स्थापना हुन नसकेको हो ।

यी दुवै ठाउँमा भवन निर्माण भइसकेको भए पनि प्रयोगशाला स्थापना हुन सकेका छैनन् । आर्थिक वर्ष २०७५/७६ देखि सुरु गरिएको यो काम अझै सञ्चालनमा आएको छैन । प्रयोगशालामा खटिने कर्मचारी तथा आवश्यक उपकरण नहुँदा हालसम्म प्रयोगमा आउन नसकेको हो । कपुरकोटको प्रयोगशाला हाल गाउँपालिकाले प्रयोग गर्दै आएको छ । कपुरकोटमा एक जना कर्मचारी खटाए पनि कामविहीन भएपछि ती कर्मचारी अहिले सुर्खेतमा तानिएको छ । कपुरकोट कर्णाली प्रदेशको सबैभन्दा बढी तरकारी उत्पादन हुने क्षेत्रमध्येमा पर्दछ ।

कर्णाली प्रदेशमा भित्रिने विषादीयुक्त खाद्य वस्तु तथा रासायनिक मलको नियन्त्रणका लागि कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले दुई ठाउँमा प्रयोगशाला स्थापना गर्ने लक्ष्य अझै पूरा हुनसकेको छैन । कर्णाली प्रदेश सरकारको पहिलो बैठकले गरेको जैविक तथा अर्ग्यानिक प्रदेश बनाउनका लागि अर्ग्यानिक प्रदेश निर्माण गर्ने घोषणा गरेको थियो ।

पहिलो बैठकले गरेको घोषणालाई मूर्तरूप दिन दुई ठाउँमा विषादी परीक्षण प्रयोशालाको निर्माण गर्ने भनिएको लामो समय बितेपनि पूर्णता पाउन सकेको छैन । कर्णाली प्रदेशलाई जैविक कर्णाली बनाउने सोच र रणनीतिमा अर्ग्यानिक कर्णालीको अवधारणा अगाडि सारिएको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमन्त्री विनोदकुमार शाहले बताउनुभयो । प्रदेशलाई अर्ग्यानिक बनाउनका लागि क्रमशः आधारहरू निर्माण गर्न गइरहेको र नीतिगत आधारहरू, व्यावहारिक प्रयोग र अभ्यासमा आधारित रहेको मन्त्री शाहले बताउनुभयो । ***(रासस)***

# वडावासीहरूबिच शुभकामना आदानप्रदान कार्यक्रम




भक्तपुर, २५ चैत । वडा नं ५ खेलकुद समितिको आयोजनामा वडामा बुधबार आसन्न बिस्का जात्रा पर्व र नव वर्ष २०८३ को शुभ-अवसरमा वडावासीहरूबिच शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

वडाका टीम क्लव, दाफा भजन, सांस्कृतिक समूह, छ्किोङलगायत अन्य खेलकुदसँग सम्बन्धित सङ्घसंस्था व्यक्ति र समुदायहरू, वडाका विभिन्न उपभोक्ता समितिहरूमा सहयोग गर्ने तथा वडाका कर्मचारीहरू आदिको सहभागितामा भएको सो शुभकामना कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले वडा खेलकुद समितिका पदाधिकारीहरूलाई कृतज्ञता ज्ञापन गर्दै वडाको सामाजिक कार्यमा सबैले हातेमालो गर्न अनुरोध गर्नुभयो ।

वडाका निर्वाचित वडा सदस्य नारायणप्रसाद त्वानाबासुले वडामा रहेको टीम क्लव तथा सामाजिक सङ्घसस्थाले बदलिँदो परिस्थितिलाई मध्यनजर गरी युवाहरू विभिन्न कार्यमा परिचालित भए वडाका कार्यहरू प्रभावकारी हुने बताउनुभयो ।

वडा खेलकुद समितिका संयोजक एवं कार्यक्रमका सभापति बलराम न्हिसुतुले बिस्का जात्राको विविध पक्षका बारेमा आफ्नो विचार राख्दै शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा आकाश भैरव नौ बाजाका ज्ञानेन्द्रमान कायष्ठ, वडा नं ५ छ्किोङ समूहका कृष्णमान दिवाकर, कुमारी क्लवका नुवा मातां तथा अस्त्र फिटनेसका रिपेश द्यौभडेलले आ-आफ्नो विचार व्यक्त गर्दै शुभकामान आदानप्रदान गर्नुभयो ।

कार्यक्रममा वडा खेलकुद समितिका कोषाध्यक्ष सत्यनारायण कासुला र समितिका सचिव नारायणकृष्ण माकले पनि बोल्नुभएको थियो ।

# ख्वप कलेज अफ लद्वारा जनचेतनामूलक कार्यक्रम



भक्तपुर, २५ चैत । विश्व स्वास्थ्य दिवस २०२६ “Together for Health: Stand with Science” साथ ख्वप कलेज अफ लले पीसीओएस तथा पीसीओडीसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा ख्वप अस्पतालका चिकित्सक डा. जितेन्द्र सिंहले सहजीकरण गर्दै विशेषगरी स्त्रीरोगसम्बन्धी विषयमा उपयोगी जानकारी प्रदान गर्नुभयो । उहाँले विद्यार्थीहरूलाई आवश्यक परामर्श दिनुभएको थियो । पीसीओएस/पीसीओडीका कारण, लक्षण, उपचार तथा स्वस्थ जीवनशैलीबारे उहाँले वैज्ञानिक आधारमा प्रस्ट पार्नुभयो ।

विद्यार्थीहरूले झारफुकजस्ता अन्धविश्वास, खानपानका बानी तथा समाजमा प्रचलित भ्रमहरूका विषयमा जिज्ञासा राखेका थिए । डा. सिंहले यस्ता भ्रमहरूलाई तथ्य र विज्ञानका आधारमा स्पष्ट पार्दै स्वास्थ्य समस्यामा वैज्ञानिक उपचार अपनाउन सुझाव दिनुभयो ।

कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउनुभएकोमा ख्वप अस्पतालप्रति ख्वप कलेज अफ ल हार्दिक आभार व्यक्त गरेको छ । यस कार्यक्रमले विद्यार्थीहरूमा स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि गर्नुका साथै वैज्ञानिक सोच विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको विश्वास गरिएको छ ।

# उपसभामुख पदको निर्वाचन शुक्रबार

काठमाडौँ, २५ चैत । सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ८ बमोजिम प्रतिनिधिसभाका उपसभामुख पदको निर्वाचनको लागि शुक्रबार तोक्नुभएको छ । आज बसेको प्रतिनिधिसभाको बैठकमा अर्यालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेरसम्बन्धी पत्र पढेर सुनाउनुभयो ।

प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट कृषि तथा पशुपंक्षी र वन तथा वातावरणमन्त्री गीता चौधरीले ‘राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदन, २०८२’ पेस गर्नुभएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ‘वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । “वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२’ प्रस्ताव गर्नुभयो । प्रतिनिधिसभाको अर्को बैठक शुक्रबार दिउँसो ४ बजे बस्ने गरी बुधबारको बैठक स्थगित भएको छ । ***(रासस)***

# कानुनविपरीत लिइएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न शिक्षा मन्त्रालयको निर्देशन

काठमाडौँ, २५ चैत । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले आज विज्ञप्ति जारी गर्दै देशका केही संस्थागत विद्यालयले अझै पनि कानुन विपरित शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको भन्दै गैरकानुनी रूपमा लिएको शुल्क फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देशन दिएको हो । मन्त्रालयले कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको प्रावधान तथा अन्य प्रचलित कानुनबमोजिम थप कारवाही प्रकिया अगाडि बढाउनुपर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट आवश्यक समन्वय गर्न अनुरोध गरेको छ ।

साथै, विद्यार्थीको शुल्कसम्बन्धी गुनासोको रिपोर्टिङ तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिएको मन्त्रालयले जनाएको छ । कसैको गुनासो भएमा सोही कक्षमा फोन गरी थप साथै, विद्यार्थीको शुल्कसम्बन्धी गुनासोको रिपोर्टिङ तथा सहजीकरण/सहायता प्राप्त गर्न सकिने र सो कक्षको सम्पर्क व्यक्ति केन्द्रका निर्देशक निमप्रकाशसिंह राठौर ( फोन ९८५१२१४६३८, इमेल ratthour@gmali.com) सम्पर्क गर्न सकिने मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

मन्त्रालयले यसअघि यही चैत २२ गते विज्ञप्तिमार्फत केही संस्थागत विद्यालयले प्रचलित कानुन तथा सर्वोच्च अदालतको आदेश विपरित हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी भारी शुल्क असुली गरेको पाइएकामा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै नयाँ शैक्षिकसत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गर्न गराउन आग्रह गरेको थियो । मन्त्रालयले कुनै पनि विद्यालयबाट यस्ता गैरकानुनी काम हुन नदिई अभिभावबाट कानुनविपरीत ढङ्गले असुल गरिएको भर्ना शुल्क रकम सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको छ ।

**निजी विद्यालयमा मापदण्ड विपरीतको शुल्क फिर्ता नभए गृह प्रशासनबाट कारबाही हुने**

यसैबिच शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मापदण्ड विपरीत शुल्क लिने निजी विद्यालयले शुल्क फिर्ता गर्न अटेर गरेको पाइएमा कानुनअनुसार कारबाही गर्न गृह प्रशासन र स्थानीय तहलाई आग्रह गरेको छ ।

केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत हुनेगरी शैक्षिकसत्र प्रारम्भ हुनपूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्नेगरेको कार्य सच्च्याउन यही चैत २२ गते निर्देशन दिइएको थियो ।

केही संस्थागत विद्यालयबाट अझै पनि कानुन विपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा शिक्षा ऐन (संशोधन सहित), २०२८ को दफा १६६ (६) बमोजिम गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई मन्त्रालयले पुन: निर्देशन दिएको हो ।

“कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको दफा १६६ (७) को प्रावधान तथा अन्य प्रचलित कानुनबमोजिम थप कारबाही प्रक्रिया अगाडि बढाउन पर्ने अवस्था भए गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहहरूबाट आवश्यक समन्वय हुन अनुरोध गरिन्छ,” शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाद्वारा जारी सूचनामा भनिएको छ । ***(रासस)***

# वडा नं. ७ मा स्वास्थ्य शिविर

भक्तपुर, २५ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं ७ कार्यालयको आयोजनामा ख्वप तिलगङ्गा आँखा अस्पतालको सहकार्यमा आँखा शिविर तथा सुगर प्रेसर जाँचसम्बन्धी स्वास्थ्य शिविर बुधबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्य अवस्थालाई ध्यानमा राखि ख्वप अस्पताललगायत नगरका विभिन्न स्थानहरूमा स्वास्थ्य केन्द्रहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले नगरवासीहरूलाई विभिन्न जटिल स्वास्थ्य समस्या समाधानका लागि ख्वप अस्पताल स्थापना गरी सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

आधुनिक जीवन यापनसँगै मानिसहरूमा नयाँ नयाँ रोगहरू निम्तिरहेको बताउँदै प्रमुख प्रजापतिले आफूलाई स्वस्थ बनाउन विशेष रूपमा खानपानमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भनपाद्वारा सञ्चालित ख्वप अस्पतालमा अति आधुनिक स्वास्थ्य उपकरणहरू र आवश्यक स्वास्थ्यकर्मीहरूबाट जनताको सेवा गरिरहेको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "निःरोगी मानिस खुसी हुन्छ । भक्तपुरबासीहरूलाई सुखी र खुसी बनाउन नगरपालिका सेवारत छ ।"




भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले हाम्रो पहिचान बोकेको बिस्का जात्रालाई शान्तिपूर्ण र सभ्य रूपमा मनाउन आग्रह गर्दै जात्रामा खानपानमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

ख्वप तिलगङ्गा आँखा अस्पतालका डा. अञ्जु सुवालले आँखा हेर्दा सानो अङ्ग भए तापनि यो महत्त्वपूर्ण अङ्ग भएकोले आँखाको विशेष हेरचाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले आँखा पोल्ने, चिलाउने, रातो हुने जस्ता समस्या भएमा चिकित्सकको सल्लाहबिना आफैले औषधि किनेर लगाउँदा यसले दीर्घकालीन रूपमा आँखाको जटिल समस्या निम्तिन सक्ने बताउँदै प्रत्येक ६/६ महिनामा आँखा परीक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

# मध्यपूर्व युद्धविरामका बाबजुद इजरायलद्वारा लेबनानमा पुनः आक्रमण

बेरुत (लेबनान), २५चैत (एएफपी) । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इरानको युद्धविराममा लेबनान समावेश नभएको बताउनुभएको छ । इजरायलले बुधबार पनि दक्षिण लेबनानमा आक्रमण जारी राखेको छ ।

इरान समर्थित सशस्त्र समूह हिजबुल्लाह विरुद्धको कारबाहीको निरन्तरताका लागि आक्रमण जारी राखिएको जनाइएको छ ।

इजरायलले लेबनानमा युद्ध जारी रहेको उल्लेख गर्दै लेबनानको ४० किलोमिटरभन्दा बढी क्षेत्रका लागि निकासी आदेश जारी गरेको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीका अनुसार दक्षिणी टायर क्षेत्रमा रहेको भवन खाली गर्ने चेतावनी जारी गरेपछि इजरायलले आक्रमण गरेको जनाइएको छ ।

यसैबिच फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युद्धविरामको स्वागत गर्दै युद्धविरामले लेबनानलाई पूर्ण रूपमा समावेश गरेको सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ ।

पछिलो समयमा इजरायली आक्रमणले एक हजार ५०० भन्दा बढी मानिसको ज्यान लिएको छ भने दश लाखभन्दा बढी विस्थापित भएका छन् । लेबनानी अधिकारीहरूका अनुसार, विशेष गरी देशको दक्षिण, पूर्व र बेरुतको दक्षिणी उपनगरहरूमा हिजबुल्लाहको प्रभुत्व रहेको छ ।

निकासी आदेश जारी गर्दै लेबनानी सेनाले विस्थापित मानिसहरूलाई दक्षिणमा नफर्कन चेतावनी दिएको छ ।

***संविधान...***

व्यावहारिक राजनीति एवम् संविधानको अध्ययन गर्न आवश्यक छ । राष्ट्रपति ट्रम्प आफैले अमेरिकी निर्वाचन धाँधलीपूर्ण हुने विषयमा प्रस्ट पारे । राष्ट्रपति ट्रम्पबाट २२ जनवरी २०२१ भन्दा पहिले आणविक हमला हुने सम्भावना समेत देखेर अमेरिकी संसद्का सभामुखले अमेरिकी पैदल, हवाई र जल सेनाका संयुक्त कमान्डरहरूको बैठक राखेर त्यसबारे गम्भीर हुन आग्रह गरेका छन् । पुँजीवादी प्रजातन्त्रको यो एक गम्भीर सङ्कट हो ।

तर, हामी नेपालीले के बिर्सनुहुन्न भने बेलायती र अमेरिकी शैलीको पुँजीवादी प्रजातन्त्र बेलायत, अमेरिका र भारतमा मात्र अफापसिद्ध भएको होइन बरू बेलायती र अमेरिकी प्रजातन्त्र संसारका सबैजसो देशहरूमा असफल हुने लक्षणहरू देखिएका छन् । यो एक व्यवस्थागतभन्दा पनि वर्गीय व्यवस्थासँग सम्बन्धित विषय हो भनी चिन्तन गरेमा हामी समस्या समाधानको नजिक पुग्नेछौँ ।

***स्रोत : 'श्रमिक' साप्ताहिक, २८ पुस २०७७ (12 Janaury, 2021)***

***इरानद्वारा...***

यी वार्ताहरूमा स्ट्रेट अफ हर्मुजमार्फत सामुद्रिक पारवहन, प्रतिबन्ध फुकुवा र यस क्षेत्रमा अमेरिकी सेनाको भविष्यमा रहने उपस्थितिजस्ता प्रमुख मुद्दाहरूमा छलफल हुने अपेक्षा गरिएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार इरानमाथिका 'बमबारी र आक्रमणहरू' दुई हप्ताका लागि स्थगित गर्न सहमत भएको बताएका छन् । उनले यसलाई इरानले हर्मुज जलडमरू पुनः खोल्नेसँग जोडिएको दुईतर्फी 'युद्धविराम' को संज्ञा दिएका छन् ।

ट्रम्पले यो निर्णय पाकिस्तानी नेताहरूसँगको वार्तापछि लिएको बताए र इरानी १०-बुँदे प्रस्तावलाई वार्ताका लागि 'कार्ययोग्य आधार' मान्दै यो स्थगनले सम्झौतालाई अन्तिम रूप दिन समय दिने उल्लेख गरे ।

"पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफ र फिल्ड मार्शल असिम मुनिरसँगको कुराकानीको आधारमा, जसमा उनीहरूले आज राति इरानतर्फ पठाइँदै गरेको विनाशकारी शक्तिलाई रोक्न अनुरोध गरे र इरानको इस्लामिक गणतन्त्र स्ट्रेट अफ हर्मुज पूर्ण, तत्काल र सुरक्षित रूपमा खोल्न सहमत हुने सर्तमा, म दुई हप्ताको अवधिका लागि इरानमाथि गरिने बमबारी र आक्रमण स्थगित गर्न सहमत छु । यो दुईतर्फी युद्धविराम हुनेछ" ट्रम्पले ट्रुथ सोसलमा लेखेका छन् ।

ट्रम्पले संयुक्त राज्य अमेरिका र इरानबिचका विवादित लगभग सबै बुँदाहरूमा सहमति भइसकेको दाबी गरे ।

"यसो गर्नुको कारण यो हो कि हामीले हाम्रा सबै सैन्य उद्देश्यहरू प्राप्त गरिसकेका छौँ र त्योभन्दा पनि बढी सफलता हासिल गरेका छौँ । हामी इरानसँगको दीर्घकालीन शान्ति र मध्यपूर्वको शान्तिका लागि निश्चित सम्झौताको निकै नजिक छौँ । हामीले इरानबाट १०-बुँदे प्रस्ताव प्राप्त गरेका छौँ र यो वार्ताका लागि उपयुक्त आधार हो भन्ने हाम्रो विश्वास छ", ट्रम्पले थपे ।

यसअघि मङ्गलबार, राष्ट्रपति ट्रम्पले इरानको 'सम्पूर्ण सभ्यता' नष्ट गर्न तोकेको पूर्वी मानक समयअनुसार राति ८ बजेको समयसीमा अगाडि, पाकिस्तानले अमेरिका-इजरायल र इरानबिचको युद्ध अन्त्यको लागि वार्ता गर्न अन्तिम समयमा दुई हप्ताको समय थप्न अनुरोध गरेको थियो ।

हार्दिक शुभकामना

ख्वप मा.वि.को २६ औं, ख्वप कलेजको २४ औं, शारदा क्याम्पस मा.वि.को १८ औं र ख्वप कलेज अफ ल को तेस्रो वार्षिक उत्सव कार्यक्रमको सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

उद्घाटन कार्यक्रम
मिति : २०८२ चैत २६ गते, बिहीबार
समय : बिहान १०:०० बजे,
स्थान : ख्वप कलेज प्राङ्गण

वर्ल्ड लिङ्क कम्युनिकेसन लि.
जाउलाखेल, ललितपुर, फोन नं. ०१-५९७००५०

क्षयरोगबाट बचौं र बचाऔं।

- खोक्दा र हाच्छ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक शुभकामना

ख्वप मा.वि.को २६ औं, ख्वप कलेजको २४ औं, शारदा क्याम्पस मा.वि.को १८ औं र ख्वप कलेज अफ लको तेस्रो वार्षिक उत्सव कार्यक्रमको सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

उद्घाटन कार्यक्रम
मिति : २०८२ चैत २६ गते, बिहीबार
समय : बिहान १०:०० बजे,
स्थान : ख्वप कलेज प्राङ्गण

SUBiSU
सुबिसु केबल नेट प्रा.लि.
फोन नं. ९८०११५८४४०

हार्दिक शुभकामना

ख्वप मा.वि.को २६ औं, ख्वप कलेजको २४ औं, शारदा क्याम्पस मा.वि.को १८ औं र ख्वप कलेज अफ ल को तेस्रो वार्षिक उत्सव कार्यक्रमको सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

उद्घाटन कार्यक्रम
मिति : २०८२ चैत २६ गते, बिहीबार
समय : बिहान १०:०० बजे,
स्थान : ख्वप कलेज प्राङ्गण

सानिमा जीआईसी इन्स्योरेन्स लिमिटेड
तंगाल, काठमाडौं, फोन नं. ०१-४५२७१७१

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा